# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, जेठ ३० गते २०५२ साल (अतिरिक्ताङ्क ६(क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री श्री मनमोहन अधिकारीले विभिन्न कारण देखाइ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गरिबक्सन र प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति २०५२ साल मंसीर ७ गते बृहस्पतिबारका दिन तोकिबक्सन मन्त्रिपरिषद्को निर्णय सहित २०५२ साल जेठ २६ गते चढाउनु भएको सिफारिशबमोजिम मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम २०५२ साल मंसीर ७ गते बृहस्पतिबारका दिन नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन गराउने गरी प्रतिनिधि सभा विघटन गरिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साथै मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ को उपधारा (७) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म कार्य संचालन गरिरहने प्रधानमन्त्री श्री मनमोहन अधिकारीको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्ले प्रतिनिधि सभाको लागि हुने निर्वाचन शान्तिपूर्वक, स्वच्छ र निष्पक्ष रूपमा सफलतापूर्वक सम्पन्न गराउने आशा राखिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०६०